प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
# सामाजिक विकास मन्त्रालय

इमेलः mosdkailali07@gmail.com
टोल फ्रि नं. १६६०९१५५५६३
फोन नं. ०९१-५२४५६३ (प्रशासन)
५२६५०४ (लेखा)
५२६०५८ (स्वास्थ्य)
५२५२२० (उच्च शिक्षा)
५२४९३१ (युवा तथा खेलकुद)
एक्सटेन्सन नं. ५२५००९
फ्याक्स नं. ०९१-५२७१६८
कैलाली, नेपाल

प्रदेश सरकार सुदूरपश्चिम प्रदेश सामाजिक विकास मन्त्रालय धनगढी, कैलाली २०७४

प.स.०७७।७८

## प्रेस विज्ञप्ति

कोभिड-१९ विरुद्ध खोप अभियान मिति २०७७/१०/१४ देखि राष्ट्रिय रुपमा शुरुवात भएको छ।सुदूरपश्चिम प्रदेशको सेती प्रादेशिक अस्पतालमा माननीय मुख्यमन्त्रीज्यूबाट मिति २०७७/१०/१४ गते कोभिड-१९ को खोप स्वास्थ्यकर्मीहरुलाई हस्तान्तरण गरी शुभारम्भ गरिएको छ । कोभिड-१९ विरुद्धको पहिलो खोप डा.गुणराज अवस्थी(स्वास्थ्य निर्देशकज्यू)ले लगाउनु भएको छ ।खोप सेवा कैलाली, कंचनपुर, डोटी, डडेल्धुरा, बैतडी, दार्चुला, अछाम, र बझांग जिल्लामा शुरु भैसकेको छ भने बाजुरा जिल्लामा मिति २०७७/१०/१५ गतेबाट शुरु हुनेछ । यस प्रदेशको लागि पहिलो चरणमा खोप लगाउन ३६ हजार डोज प्राप्त भएको छ र सबै जिल्लाहरुमा खोप पठाई सकेको छ । पहिलो चरणमा कोभिड-१९ को उपचार तथा व्यवस्थापनमा रहेका स्वास्थ्यकर्मी, सरसफाईकर्मी, एम्बुलेन्स चालक, शववाहन चालक, शव व्यवस्थापनमा खटिने सुरक्षाकर्मी र महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई खोप लगाईने छ । खोपबाट हुन सक्ने असरहरुको व्यवस्थापन गर्न प्रत्येक खोप केन्द्रहरुमा चिकित्सक सहितको टोली व्यवस्था गरिएको छ । सम्पूर्ण स्वास्थ्यकर्मी लगायत अन्य लक्षित समूहलाई तोकिएको दिन आ-आफ्नो पालोमा खोप लगाउन हुनका साथै सबै सरोकारवाला निकायहरुलाई कोभिड-१९ विरुद्धको खोप अभियान सफल पार्न सहयोग गरिदिन हुन हार्दिक अनुरोध गर्दछु ।

मितिः२०७७/१०/१४

नरेन्द्र सिंह कार्की
प्रवक्ता
प्रवक्ता

"स्वच्छ र सक्षम निजामती प्रशासनः सम्वृद्धि र सुशासन"